# जातीयता र संघीयकरणसम्बन्धी बृहत गोष्ठीको सारसंक्षेप

CENTRAL DEPT. OF SOCIOLOGY/ANTHROPOLOGY
TRIBHUVAN UNIVERSITY
KIRT R

२०६८ वैसाख ९–१२
(२२–२५ अप्रिल, २०११)

**सम्प्रेषण गोष्ठी**
२०६८ भाद्र १२
(अगस्ट २९, २०११)

**समाजशास्त्र /मानवशास्त्र केन्द्रीय विभाग**
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर
काठमाण्डौं

# धन्यवाद ज्ञापन

त्रिभुवन विश्वविद्यालय, समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभागले सामाजिक समावेशीकरण अनुसन्धान कोष, डानिडा/हुगो, एक्सन एड नेपाल र सपोर्ट नेपालको आर्थिक सहयोगमा २०६८ साल वैसाख ९ देखि १२ (२२–२५ अप्रिल, २०११) मा जातीयता र संघीयकरणसम्बन्धी बृहत गोष्ठी सम्पन्न गर्‍यो। विभिन्न पेशा, समुदाय र क्षेत्रबाट प्रतिनिधित्व गर्ने ३०० भन्दा बढी सहभागिता रहेको उक्त ४ दिने गोष्ठीको मुख्य उद्देश्य विश्वजनीन ऐतिहासिक तथा सैद्धान्तिक ज्ञानको आधारमा नेपालको संविधान निर्माण प्रकृयामा थाती रहेको अत्यन्तै महत्वपूर्ण तर विवादास्पद विषय जातीयता संघीय राज्यको आधार हुन सक्छ वा सक्दैन भन्ने विषयमा संविधानसभाका सदस्यहरु, राजनीतिक दलका नेताहरु, विद्वान वुद्धिजीवीहरु, जनजाति अधिकारकर्मीहरु, नागरिक समाजका अगुवाहरु तथा संचारकर्मीहरुवीच छलफल गर्नु र उनीहरु मार्फत आम नागसिकलाई प्रशिक्षित गर्नु थियो। गोष्ठीमा १३ जना नेपाली र १२ जना विदेशी विद्वानहरुले वस्तुगत तथ्यमा आधारित कार्यपत्रहरु प्रस्तुत गरेका थिए। यस संग्रहमा गोष्ठीमा प्रस्तुत गरिएका ती कार्यपत्रहरुको सारसंक्षेप समावेश गरी प्रकाशन गरिएको छ।

गोष्ठीलाई सफल बनाउन नैतिक, भौतिक तथा आर्थिक सहयोग गर्ने सामाजिक समावेशीकरण अनुसन्धान कोष र कोषका प्रमुख सल्लाहकार डा. मन्जु थापा तुलाधरलाई विशेष धन्यवाद दिन चाहन्छौं। त्यसैगरी गोष्ठीका अन्य सहयोगी संस्थाहरु डानिडा/हुगो, एक्सन एड नेपाल र सपोर्ट नेपाललाई पनि धन्यवाद नदिइरहन सक्दैनौं। गोष्ठी आयोजक समितिका सबै सदस्यहरु धन्यवादका पात्र हुनुहुन्छ। त्यसै गरी गोष्ठीमा कार्यपत्र प्रस्तुत गर्ने सबै विद्वान वुद्धिजीवीहरुलाई पनि विभाग र आयोजक समितिको तर्फबाट धन्यवाद दिन चाहन्छौ। गोष्ठी उद्घाटन सत्रका प्रमुख अतिथि संविधानसभाका माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङ, गोष्ठीका प्रमुख वक्ता जवाहरलाल नेहरु विश्वविद्यालयका प्राध्यापक इमिरेटस डा. टि.के. ओमन तथा गोष्ठी समापन सत्रका संवैधानिक समितिका माननीय अध्यक्ष श्री निलाम्बर आचार्यप्रति विभाग र आयोजक समितिको तर्फबाट हामी आभार व्यक्त गर्दछौं। यसै गरी गोष्ठीलाई सफल पार्न सबै सहभागीहरु, सामाजिक समावेशीकरण अनुसन्धान कोष र समाजशास्त्र/ मानवशास्त्र केन्द्रीय विभागका सबै कर्मचारीहरुलाई पनि धन्यवाद नदिइरहन सक्दैनौं। गोष्ठी अगाडि, गोष्ठी अवधि र गोष्ठी पछाडिसम्मको समयमा संचार जगतले पुर्‍याएको सहयोगको सह्राहना गर्न चाहन्छौं।

अन्तमा, बृहत गोष्ठीमा प्रस्तुत भएका कार्यपत्रहरुको सारसंक्षेप तयार पारी सो सारसंक्षेप संविधानसभाका सदस्यहरु, राजनीतिक दलका नेताहरु, वुद्धिजीवी, जनजाति अधिकारकर्मी, नागरिक समाजका अगुवाहरु र संचारकर्मीहरुवीच सम्प्रेषण गर्न र उनीहरुमार्फत नेपालका आम नागरिकहरुसम्म पुर्‍याउने उद्देश्यले आयोजना गरिएको यो सारसंक्षेप सम्प्रेषण गोष्ठी सफल पार्न आर्थिक तथा अन्य भौतिक सहयोग प्रदान गर्नु हुने संवैधानिक संवाद केन्द्र (सिसिडी)का निर्देशक प्रा. कृष्ण खनाललाई पनि विभाग तथा आयोजक समितिको तर्फबाट धन्यवाद दिन चाहन्छौं।

**प्रा.डा. ओम गुरुङ**
विभागीय प्रमुख

**प्रा.डा. चैतन्य मिश्र**
अध्यक्ष, बृहत गोष्ठी आयोजक समिति

# विषय सूचि


| क्र.सं. | शिर्षक | पेज |
|---|---|---|
| १. | जातीयता र संघीयकरणसम्बन्धी बृहत गोष्ठीको सारसंक्षेप | १ |
| २. | दक्षिण एशियामा जातीय–राष्ट्रवाद तथा राष्ट्रिय राज्यहरुको निर्माण: सघिंयकरणतर्फको यात्रा — टि.के. ओमन | ८ |
| ३. | इतिहासका अमिट डोबहरुमा बहुसांस्कृतिक राज्यको परिकल्पना — डेभिड होमवर्ग | ९ |
| ४. | नेपालमा लोकतान्त्रिक राज्य व्यवस्थाको पुनर्संरचना: शक्ति पुनर्वितरणको निर्धारक तत्वका रुपमा जातीय पहिचान — बिहारी कृष्ण श्रेष्ठ | १२ |
| ५. | जात र जातीयता : आधुनिक लोकतान्त्रिक/सङ्घीय राज्य निर्माणका लागि सामाजिक तर्क र यसको उपयोगिता — जोहन ग्रे | १५ |
| ६. | संघीयतामा दलितहरुको अपनत्व हुने सही विकल्प गैरभौगोलिक संघीयता — गणेश बि.क. | १८ |
| ७. | नेपालमा जातीय उभार र संघीयकरणको सन्दर्भ — चैतन्य मिश्र | २१ |
| ८. | लोकप्रिय प्रतिनिधित्वका चुनौती : जसका लागि उठ्नु एवम् काम गर्नुछ — नेल वेब्स्टर | २६ |
| ९. | जनवादी गणतन्त्र चीनको जातीय नीति र चिनियाँ राष्ट्रियताको भविष्य — ये हाइलिन | २९ |
| १०. | सङ्घीय राज्यको संरचनासम्बन्धी बहसमा सामाजिक विविधता र असमानताको महत्व — तुल्सीराम पाण्डे | ३१ |
| ११. | नेपालमा जातीय कट्टरताको निर्माण र परम्परागत सांस्कृतिक तरलता — जेम्स फिसर | ३३ |

# राज्यको पुनर्संरचना, पुनर्संरचना जातीयताको

- सेरा स्नाइडरम्यान
येल विश्वविद्यालय

डा. सेरा स्नाइडरम्यानले आफ्नो कार्यपत्रमा धेरैजसो बौद्धिक कार्यहरु राज्य निर्माण र जातीयतावीचको अन्तरसम्बन्धलमा केन्द्रित भएका छन्। तर नेपालको सन्दर्भमा राज्य निर्माणको सन्दर्भसँगै जातीयताको अवधारणा पनि विकास भएको हो तर्क पेश गर्नु भयो। आफ्नो कार्यपत्र प्रस्तुती अवधिमा डा. स्नाइडरम्यानले जेम्स स्कटको 'शासित नहुने कला' र जोन र जीन क्यामारोफको 'जातीयता' सम्बन्धी अवधारणालाई नेपालको विशिष्ट परिस्थितिमा लागू गर्दै नेपालको वस्तुपरक तथ्यहरुको आधारमा उनीहरुको अवधारणालाई थप विकास गर्न चाहेको कुरा बताइन। साथै उनले नेपालमा राज्यको पुनः संरचना राज्यको प्रशासनिक क्षेत्रभन्दा माथि उठेर नेपालको सांस्कृतिक र सामजिक प्रकृयामा समेत पुनः संरचना हुनुपर्दछ भन्ने तर्क पेस गरिन। उनले अगाडि भने–जातीय आधारमा राज्यको पुनर्संरचनाको विषय नेपालमा अहिलेको अवस्थामा ज्यादै महत्वपूर्ण रहेको छ। नेपालमा राज्यले निरन्तर रुपमा परिवर्तन हुने मौका पाएको छ तर उसभित्र रहने जातिहरुले शाहवंशीय राज्यकाल र पञ्चायतकालको इतिहासलाई आधार बनाएर आफ्नो वास्तविक अस्तित्वलाई सदैव स्थिर, अपरिवर्तनशील र स्वघोषित रुपमा बाँचिरहेको अवस्थामा बुझ्दै आएका छन्। आफ्नो कार्यपत्रमा यी कुराहरुलाई ध्यानमा राखेर नेपालको द्वन्द्व पछाडिको अवस्थालाई वर्गीकरण गरी यसभित्र रहेको जातीय अस्तित्वलाई विचार गर्दै केलाउनु जरुरी रहेको सुझावसमेत दिइन।

डा. स्नाइडरम्यानको दृष्टिकोणमा  जातीयता आफैंमा यस्तो प्रक्रिया हो, जसका धेरै तत्वहरुको सम्मिश्रणले राज्यको पुर्नसंरचना गर्नमा महत्वपूर्ण भूमिका खेल्दछ। उहाँको सुझाव छ - भविष्यको जातीय आधारको सिमाङ्कन जातीय चेतनाको आधारमा प्रादेशिक सिमाङ्कनसँग गाँसिनु पर्दछ। तरल पद्धतिको जातीय सिमाङ्कनलाई मान्यता प्रदान गर्नु भनेको जातीय चेतनाको विकास गरी जातीय संस्थाहरुको  विकास गर्नु हो भन्ने मानिन्छ। यसमा जातीयतासँग जोडिएको जातीय मानसिकताले आफूलाई विभिन्न समूहका रुपमा पहिचान गराउनुका साथै त्यसमा विषयगत र भावनात्मक सम्बन्ध गाँसिएको पाइन्छ। त्यसो हुनाले केवल राजनैतिक अधिकारबाट मात्रै पूर्ण रुपमा यसलाई समेट्न सकिँदैन।

डा. स्नाइडरम्यानले भन्नुहुन्छ - सामाजिक विज्ञानको अनुसन्धानमा जातीयता प्रमुख धारणाको रुपमा देखा परेको भएतापनि एक्काइसौं शताब्दीमा यसले सांस्कृतिक विविधता जसमा पहिचान, स्थानीयता, नागरिकता, सम्बन्ध विस्तार र आफ्नो अस्तित्वको भावना, जातीय समूहहरुमा आबद्धता एवम् आफ्नोपन मात्र नभई जातीय विषय र व्यक्तित्वलाई सदैव राज्य र गैरराज्यमा आबद्ध बनाएको देखिन्छ। मुख्यतः शक्ति र स्रोतकै लागि जातीय समूह स्थापना गरी आफ्नो पहिचान कायम गर्न जोड दिइएको पाइन्छ। यसमा जातीय चाहना, भावना र उपयोगिताले मुख्य स्थान पाएको हुन्छ।

कार्यपत्र प्रस्तोताको विचारमा - शिक्षा, राजनीति र जातीय पहिचानका लागि अति महत्वपूर्ण वस्तुपरक विषयको रुपमा जातीय पुनर्संरचना र राज्यको पुनर्संरचनाले महत्वपूर्ण स्थान ओगट्न पुगेको छ। जातीयतालाई व्यावसायीकरण गर्दै यसलाई आफ्नो पहिचानका रुपमा स्थापना गरेर अगाडि बढाउने प्रयत्न अहिलेको अवस्थामा प्रष्टै देखिन्छ। रीतिरिवाज र संस्कृति प्रस्तुतिकरणलाई मुख्यतः जातीय उत्पादनको रुपमा अगाडि बढाइएको छ।



डा. स्नाइडरम्यानले थामीहरुमा गरेको अनुसन्धानका आधारमा रीतिरिवाजहरुलाई दुई प्रकारले विभाजन गरेका छनः परम्परागत धारणाबाट गरिने रीतिरिवाज र धेरै  व्यक्ति-बहसबाट एउटा जातिको सामूहिक रुपमा गरिने सांस्कृतिक र राजनैतिक प्रस्तुतिकरण। जातीय रीतिरिवाज जातीय समूहलाई चेतना दिनमात्र नभएर समाज र राज्यमा रहेका अन्य समूहलाई पनि पहिचान गराउन सक्षम देखिन्छ। थामीहरुको भूमि पूजामा हुने मन्दिरभित्रको संस्कार र बाहिरको सांस्कृतिक प्रस्तुतिकरण पनि राजनैतिक रुपमा प्रस्तुत भएको पाइन्छ।

कार्यपत्र प्रस्तोताको विश्लेषण छ - नेपालमा जनजातिका अगुवाहरुले गरेका प्रत्येक कार्यहरु राजनैतिक भेटघाटका रुपमा देखा पर्दछन् तर प्रत्यक्ष रुपमा जातीय राजनीतिमा नलागेका जातीय व्यक्तित्वहरुको अवस्थालाई भने सक्रिय जातीय राजनीतिको रुपमा लिन सकिँदैन। यस्तै प्रकारले संघीयताको छलफलमा पनि उनीहरुको सहभागिता प्रत्यक्ष सहभागिता बन्न सक्दैन। तरपनि,  जन्मभूमि र गतिशिलताको मित्रतालाई आत्मसात् गर्दै यस्ता व्यक्ति र समूहलाई एउटा इकाइको रुपमा अस्तित्वमा रहेको ठानिन्छ। जुन आदिवासीय विचारको रुपमा बुझ्न सकिन्छ। जातीयतालाई साधारणतयाः सम्पत्तिको रुपमा समूहले आत्मसात गरेको पाइन्छ। यो त्यस्तो पुँजी हो, जसलाई सामूहिक र व्यक्तिगत रुपमा व्यावसायीकरण गर्न सकिन्छ।

डा. स्नाइडरम्यानले यहाँ दुई प्रकारका प्रश्नहरु उठाउनु भएको छ : पहिलो, जातीय उत्पत्ति र आदिवासीका अधिकारसम्बन्धी, जसलाई फरक देखाउन अप्ठ्यारो पर्दछ। संख्या र विचारको रोजाइले द्वन्द्व उब्जाउन सक्दछ। जातीयताको बहसलाई प्रत्यक्ष रुपमा राजनीतिले प्रभाव पारेको हुनाले यसलाई राजनीतिमार्फत्  नै सुल्झाउनु पर्दछ। दोस्रो, जातीय अस्थायित्वसम्बन्धी, यसमा जातीय मुद्दाका लागि निरन्तरताको आवश्यकता पर्दछ। त्यसैले निश्चित समय र ठाउँमा यससम्बन्धी चेतनाको विकास गर्नुपर्दछ।

कार्यपत्र प्रस्तोताको कथन छ - आज जातीय पहिचान क्षेत्रीय पहिचानसँग गाँसिएर प्रयोग भएको देखिन्छ। यसले सांस्कृतिक विविधतामा जोड दिने हुनाले समाजमा विद्यमान आर्थिक असमानतालाई ओझेलमा पारेको छ। सामूहिक, सांस्कृतिक र सामाजिक भिन्नतालाई मात्र औंल्याएर राष्ट्रियस्तरको जातीय राजनीतिक अवस्थालाई पनि बेवास्ता गर्ने गरेको देखिन्छ। जातीय विषय र राजनीतिक तत्वहरुलाई समायोजन गर्न संघीयतामा शक्तिको पुनर्वितरण हुनु आवश्यक छ। जातीय पहिचानलाई प्रशासनिक प्रक्रियामा व्यवस्थित गरी जातीयतालाई राज्यको पुनर्संरचनाभित्र समाहित गरेर राज्यको सम्पत्तिको रुपमा संरक्षण गर्न सक्नु पर्दछ। यसोगर्दा राज्यको जातीय संरचना पनि स्थापित हुन सक्दछ।

## जिज्ञासा र छलफल

कार्यपत्र प्रस्तुतिपछि सहभागीहरुले उठाएका मूलभूत जिज्ञासा र टिप्पणीहरुको सन्दर्भमा प्रस्तोता स्नाइडरम्यानले भन्नुभयो राज्यको पुनर्संरचना र जातीय संरचना हावामा त्यसै उठेको हल्ला होइन तर बन्द गरिएको हावा नपस्ने भाँडो पनि होइन। त्यसैले यस्तो अवस्थामा समस्यालाई बेलैमा सुल्झाउन सके ठूलो द्वन्द्वबाट बच्न सकिन्छ। प्रादेशिक विभाजन गर्दापनि कुनैपनि प्रदेशमा भएको स्रोतको सक्षमतालाई विश्लेषण गरी एक-आपसमा सहयोग स्थापना गर्न सकिन्छ। स्रोतको पहिचान र परिचालन सही तरिकाबाट हुनु जरुरी छ।

**सारसंक्षेपकर्ता : श्यामु थापा, रमेश अधिकारी**



# जातीय पहिचान र स्रोतमा पहुँचको आधारमा संघीयताका निर्धारक तत्वहरुको प्रस्तुति

**- रामबहादुर क्षेत्री**
**त्रिभुवन विश्वविद्यालय**

यो कार्यपत्र प्रस्तुत गर्दै प्राध्यापक रामबहादुर क्षेत्री उल्लेख गर्नुहुन्छ - जातीयतामा आधारित राज्यका पुनर्संरचनाका मूलभूत आधारहरुबारे नेपालमा बहसको थालनी हालसालै भएपनि अझै स्पष्ट विचारहरु अभिव्यक्त भैसकेका छैनन्। संविधानसभामा प्रदेशहरुको नामाङ्कन र सिमाङ्कन गर्ने बृहत् छलफल भई हाल प्रस्तावित १४ प्रदेशमध्ये १० प्रदेशको नामाङ्कन जातीय आधारमा नै भएको छ। यसोगर्दा जुन जातको नामबाट प्रदेशको नामाकरण गरिएको छ उक्त प्रदेशमा त्यही जाति जनसङ्ख्याका दृष्टिकोणले अल्पमतमा देखिन्छन्। यसबाट भोलि के असर पर्ला भन्नेबारेमा छलफल हुनु आवश्यक छ।

जातीयताका आधारमा संघीयतामा जाँदा सधैं समष्टिगत (Macro) वा केन्द्रीय रुपमा मात्र विश्लेषण नगरी व्यष्टिगत (Micro) वा स्थानीय तहमा पनि विश्लेषण गर्नुपर्ने धारणा राख्दै प्राध्यापक क्षेत्री भन्नुहुन्छ - तल्लो तहका जनताको घरदैलोमा पुग्दा उनीहरुलाई संघीयताभन्दा उनीहरुले शदियौंदेखि प्रयोग गर्दै आएको जल, जमीन र जङ्गलको न्यायोचित प्रयोग कसरी गर्ने र विभिन्न जनजाति एवम् भाषा-भाषी बसिरहेको समाजमा सामाजिक न्यानोपन कसरी कायम गर्ने भन्ने विषयमा नै बढी चिन्ता भएको देखिन्छ। यसकारण पहिचानका आधारमा प्रदेशहरुको विभाजन गर्दा तल्लो तहका जनताको जनभावना समेटिनु आवश्यक छ।

सन् १९९०को राजनैतिक परिवर्तन र वि.सं. २०६२-०६३ को राजनैतिक परिवर्तनपछि हुन थालेको राजनैतिक बहसमा संघीयताका बारेमा थुप्रैपटक छलफल भएपनि प्राध्यापक क्षेत्रीको दृष्टिकोणमा यसका ठोस आधारहरु तय भएका छैनन्। हालको विभाजनबाट खप्तड तथा जडानमा खेतीयोग्य भूमि पाँच प्रतिशतभन्दा कम छ भने तमुवान र मगरातमा २० प्रतिशत मात्र छ। यसबाट हाम्रो कृषिमा आधारित अर्थतन्त्र कसरी अगाडि बढ्ला ? उहाँको प्रश्न छ। प्राध्यापक क्षेत्री केही समय अगाडि मनाङ जिल्लाको तल्लो भागबाट उपल्लो भागमा यार्सागुम्बा टिप्न जाँदा स्रोतका कारण मानिसहरुको मृत्यु भएको उदाहरणसमेत प्रस्तुत गर्दै उल्लेख गर्नुहुन्छ - त्यसैले प्रदेश विभाजनको आधार पहिचानभन्दा पनि स्रोतको पहिचान बढी आवश्यक छ।